# बेलबारी नगरपालिका

## स्थानीय राजपत्र

खण्डः १०　　　संख्याः २　　　मितिः २०८३/०३/०९


### भाग-२

**बेलबारी नगरपालिकाको**

**बेलबारी नगर अस्पतालमा कार्यरत कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा बेलबारी नगरपालिका कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९ को संशोधन २०८२ को दफा ५ को उपदफा (६) बमोजिम बेलबारी नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बेलबारी नगर अस्पतालमा कार्यरत कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०८

प्रमाणीकरण मितिः २०८३/०३/०९

**प्रस्तावनाः** संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं ६ मा उल्लेख भएको अवधारणलाई आत्मासाथ गर्दै बेलबारी नगरपालिका अन्तर्गत रहेका बेलबारी अस्पतालबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो, प्रभावकारी एवं सेवाग्राही मैत्री तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कर्मचारीहरूलाई काम प्रति उत्प्रेरित र जबाफदेही बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा बेलबारी नगरपालिका कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९ को दफा ५ को उपदफा (६) बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम तथा प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**बेलबारी नगर अस्पतालमा कार्यरत कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि बेलबारी नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अतिरिक्त समय" भन्नाले प्रचलित कानुन बमोजिम अस्पतालले तोकेको कार्यालय समय (Duty Hour) बाहेकको समय सम्झनुपर्छ।

(ख) "अनकल ईमरजेन्सी सेवा" भन्नाले सार्वजनिक बिदा तथा रात्रिकालीन सेवाका लागि आवश्यक परेको समयमा प्रदान गरिने (भौतिक वा अनलाइन) चिकित्सकीय सेवालाई सम्झनुपर्छ।

(ग) "अस्पताल" भन्नाले बेलबारी नगर अस्पताललाई सम्झनुपर्छ।

(घ) "अस्पताल प्रमुख" भन्नाले बेलबारी नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलाई सम्झनुपर्छ।

(ङ) "कर्मचारी" भन्नाले बेलबारी नगर अस्पताल मातहत स्वास्थ्य सेवा प्रदान गर्ने स्थायी तथा करार सेवाका सम्पूर्ण कर्मचारीलाई सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले बेलबारी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) "चिकित्सक" भन्नाले चिकित्सा शास्त्रमा MBBS, MD वा MS उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकलाई सम्झनुपर्छ।

(ज) "नगरपालिका" भन्नाले बेलबारी नगरपालिकालाई सम्झनुपर्छ।

(झ) "प्रोत्साहन सुविधा" भन्नाले अस्पतालको सेवा प्रवाहमा प्रोत्साहन गर्न दफा ५ बमोजिमका क्षेत्रमा प्रदान गरिने अनुसूची–१ अनुसारको सुविधालाई सम्झनुपर्छ।

(ञ) "मन्त्रालय" भन्नाले सङ्घीय वा प्रदेश तहमा स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ट) "व्यवस्थापन समिति" भन्नाले बेलबारी नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

## परिच्छेद २

## कर्मचारी तलब र सुविधा

३. **तलब**: (१) बेलबारी नगर अस्पतालमा कार्यरत कर्मचारीहरूलाई प्रचलित कानुन अनुसार तलब भुक्तानी गरिनेछ र कार्यरत कर्मचारीहरूलाई दिईने सुविधाहरू कार्यसम्पादन मूल्याङ्कनको आधारमा यस कार्यविधिमा तोके बमोजिम हुनेछ।

(२) नगर अस्पतालमा कार्यरत कर्मचारीलाई नियुक्त भएको छ महिना पुगे पश्चात चाडपर्व खर्च र प्रचलित कानून बमोजिम पोशाक खर्च समेत उपलब्ध गराईनेछ । पोसाकको रङ तथा डिजाईन नगर अस्पताल व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) दफा ३ (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि ज्यालादारी तर्फका कर्मचारीहरूलाई चाडपर्व खर्च र पोशाक खर्च उपलब्ध गराइने छैन।

(४) नगर अस्पतालमा कार्यरत कर्मचारीलाई निजको दक्षता अनुसार थप जिम्मेवारी समेत प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ३

## प्रोत्साहन सुविधा सम्बन्धी व्यवस्था

४. **प्रोत्साहन सुविधा सम्बन्धी व्यवस्था** : (१) अस्पतालमा कार्यरत कर्मचारीहरूलाई देहाय बमोजिमको क्षेत्रमा सुविधा दिन सकिनेछ ।

क. चिकित्सक/ विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा

ख. कामको आधारमा प्रोत्साहन सुविधा

ग. अतिरिक्त समय काम गरे बापतको प्रोत्साहन सुविधा

(२) कर्मचारीलाई प्रोत्साहन सुविधा प्रदान गर्दा अनुसूची २ बमोजिमका सुचकहरुलाई आधार लिनु पर्नेछ।

५. **चिकित्सक/ विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा**: (१) देहायका चिकित्सकहरूलाई चिकित्सक/ विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा प्रदान गर्न सकिनेछ।

(क) सङ्घीय सरकार वा प्रदेश सरकार मातहत दरबन्दी रही काम काजमा खटिएका चिकित्सक/विशेषज्ञ चिकित्सक।

(ख) सङ्घीय सरकार वा प्रदेश सरकारले २ वर्ष छात्रवृत्ति करारमा खटिएका चिकित्सक/ विशेषज्ञ चिकित्सक।

(ग) अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति तर्फको करार चिकित्सक/विशेषज्ञ चिकित्सक।

(घ) कार्यक्रम करार तर्फका चिकित्सक/विशेषज्ञ चिकित्सक।

(२) अस्पतालको आवश्यकताको आधारमा विशेषज्ञ सेवा प्रदान गर्ने स्थायी वा करार चिकित्सकलाई मासिक तलव बाहेक प्रति चिकित्सक मासिकको अधिकतम २०० प्रतिशतसम्म अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार प्रोत्साहन सुविधा उपलब्ध गराउन सकिनेछ ।

(४) दफा ६ (२) बमोजिम चिकित्सक/विशेषज्ञ चिकित्सक सुविधा पाउने चिकित्सक कुनै पनि निजी संस्थामा काम काज गर्न पाउने छैन ।

(५) दफा ६ (२) बमोजिम चिकित्सक/विशेषज्ञ चिकित्सक भत्ता पाउने चिकित्सकले २४ घण्टा सेवा उपलब्ध गराउनुपर्ने छ।

(६) दफा ६ (२) बमोजिम चिकित्सक /विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता पाउने चिकित्सक अनुपस्थित भएको खण्डमा अनुपस्थित भएको दिनको प्रोत्साहन रकम कट्टी गरिनेछ । प्रोत्साहन रकम कट्टी गर्दा प्रति दिन ३ दशमलव ३ प्रतिशतका दरले हुन आउने रकम कट्टी हुनेछ।

(७) दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि १५ दिन भन्दा बढी लगातार बिदा बस्ने कर्मचारीको हकमा प्रोत्साहन सुविधा उपलब्ध गराउन सकिनेछैन ।

६. **कामको आधारमा प्रोत्साहन सुविधाः** (१) देहायका कर्मचारीहरूले कामको आधारमा प्रोत्साहन सुविधा प्राप्त गर्नेछन्ः

(क) सङ्घीय सरकार मातहत दरबन्दी रही काम काजमा खटिएका स्वास्थ्य सेवाका कर्मचारी।

(ख) प्रदेश सरकार मातहत दरबन्दी रही काम काजमा खटिएका स्वास्थ्य सेवाका कर्मचारी।

(ग) सङ्घीय सरकार तथा प्रदेश सरकारले २ वर्षे छात्रवृत्ति करारमा खटिएका कर्मचारी।

(घ) बेलबारी नगरपालिकाबाट खटिएका स्थायी कर्मचारी।

(ङ) अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति तर्फको करार कर्मचारी ।

(च) कार्यक्रम करार तर्फका कर्मचारी ।

(२) **प्रोत्साहन रकम प्रदानः** (१) अस्पतालले आफू मातहतको कर्मचारीहरूलाई कामको आधारमा देहाय बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउनेछ ।

(क) **मेजर शल्यक्रियाः** जम्मा रकमको ६० प्रतिशत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकी ४० प्रतिशत रकमलाई १०० प्रतिशत मानी तपसिल अनुसार उपलब्ध गराईनेछ ।

| क्र.स. | पद | शल्यक्रिया बापत पाउने रकम (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सक /विशेषज्ञ चिकित्सक | ४० | |
| २. | असिस्टेन्ट सर्जन | १० | |
| ३. | ऐनेस्थेसियोलोजिस्ट | १८ | |
| ४. | ऐनेस्थेसिया सहायक | ९ | |
| ५. | Scrub नर्स | ९ | |
| ६. | Postop, Maternity, सर्जरी वार्ड नर्स | ४ | |
| ७. | ओटी ब्वाई | ४ | |
| ८. | स्वीपर | २ | |
| ९. | कार्यालय सहयोगी | २ | |
| १०. | अस्पताल मेट्रोन | २ | |
| | **जम्मा** | **१००** | |

(ख) **माईनर शल्यक्रियाः** जम्मा रकमको ६० प्रतिशत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकी ४० प्रतिशत रकमलाई १०० प्रतिशत मानि तपसिल अनुसार हुनेछ ।

| क्र.स. | पद | शल्यक्रिया बापत पाउने रकम (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सक /विशेषज्ञ चिकित्सक | ४५ | |
| २. | ऐनेस्थेसियोलोजिस्ट | २० | |
| ३. | Scrub नर्स | १० | |
| ४. | ऐनेस्थेसिया असिस्टेन्ट | १० | |

| क्र.स. | पद | शल्यक्रिया बापत पाउने रकम (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| ४. | Postop, Maternity, सर्जरी वार्ड नर्स | ४ | |
| ५. | ओटी ब्वाई | ५ | |
| ६. | स्वीपर | २ | |
| ७. | कार्यालय सहयोगी | २ | |

**(ग) भिडियो एक्सरे गरे वापत भत्ताः** भिडियो एक्सरे गरेको शुल्कको ५० प्रतिशत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा रहने र बाँकी ५० प्रतिशत रकम भिडियो एक्सरे गर्ने विषेशज्ञ चिकित्सक (रेडियोलोजिष्ट) लाई उपलब्ध गराईनेछ।

**(घ) इको सेवा वापतको भत्ताः** इको सेवा उपलब्ध गराए वापत प्राप्त शुल्कको ५० प्रतिशत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकी ५० प्रतिशत विषेशज्ञ चिकित्सकलाई उपलब्ध गराईनेछ।

**(ङ) निरोगिता तथा घाउ जाँच (प्रहरी केस)**: जम्मा रकमको ३० प्रतिशत समितिको खातामा रहने गरी बाँकी ७० प्रतिशत चिकित्सकले प्राप्त गर्नेछ ।

**(च) आकस्मिक प्रोसुडर**: जम्मा रकमको ६० प्रतिशत समितिको रहने गरी बाँकी ४० प्रतिशत रकमलाई १०० प्रतिशत मानी तपसिल अनुसार उपलब्ध गराउनुपर्ने छ।

| क्र.स. | पद | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सक /विशेषज्ञ चिकित्सक | ५० | प्लास्टर, कास्ट, सूचर, ड्रेसिङ, अन्य आकस्मिक प्रोसुडर (आमा सुरक्षा कार्यक्रम बाहेक) |
| २. | HA, CMA, Nurse | ३० | |
| ३. | कार्यालय सहयोगी | १० | |
| ४ | स्वीपर | १० | |

**(छ) <u>डेन्टल सेवा</u>**: डेन्टल सेवा प्रदान गरे बापत जम्मा रकमको ८५ प्रतिशत समितिको खातामा हुनेगरी बाँकी १५ प्रतिशत रकमलाई १०० प्रतिशत मानि देहाय बमोजिम गर्नुपर्ने छ।

| क्र.स. | पद | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सक /विशेषज्ञ चिकित्सक | ८५ | |

| क्र.स. | पद | प्रतिशत | कैफियत |
|---|---|---|---|
| २. | डेन्टल हाईजिनिस्ट | १० | |
| ३. | कार्यालय सहयोगी | ५ | |

**(ज) ल्याब तथा एक्स रे सेवा** : ल्याव र एक्स रे सेवाका कर्मचारीहरूलाई सुरु तलव स्केलको नेपाल सरकारले तोके बमोजिम २५ प्रतिशत मासिक जोखिम सुविधा उपलब्ध गराइनेछ।

७. **अतिरिक्त समय काम गरे बपतको प्रोत्साहन सुविधाः** (१) अस्पतालको आवश्यकताको आधारमा अतिरिक्त समय सेवा प्रदान गर्ने स्थायी वा करार चिकित्सक (मेडिकल अधिकृत), प्राविधिक र अस्पताल व्यवस्थापनसँग सम्बन्धित कर्मचारीलाई अतिरिक्त कामको आधारमा अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार तलब बाहेक अधिकतम १०० प्रतिशत प्रोत्साहन सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई डिउटी बाहेकको अतिरिक्त समय रात्रीकालीन ड्युटी गरे वापत अधिकतम रु. २०० र अन्य कर्मचारीलाई अधिकतम रु. १५० अस्पताल व्यवस्थापन समितिको निर्णय अनुसार रात्रीकालीन ड्युटी भत्ता उपलब्ध गराउन सकिनेछ ।

(३) अनकल ईमरजेन्सी सेवा वापत प्रतिदिन सेवा गरेवापतको तलबको ३० प्रतिशतले हुन आउने रकम भुक्तानी दिन सकिनेछ ।

(४) अतिरिक्त समय ओटि सिफ्टको आधारमा गणना हुनेछ ।

(५) न्यूनतम दैनिक २ घण्टाको दरले काम गरी एक सिफ्ट बराबरको समय अवधि पुरा भएमा सिफ्ट बापतको रकम दिन सकिनेछ ।

(६) अस्पताल व्यवस्थापन समितिले आवश्यकता अनुसार अनुसूची ४ अनुसारको सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ३

## अनुगमन निरीक्षण तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

८. **अनुगमन निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) कार्यविधि बमोजिम काम काज भए नभएको यकिन गर्न नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र अस्पताल प्रमुखले जुनसुकै बेला अनुगमन गर्न सक्नेछन्।

(२) उपदफा १ बमोजिम अनुगमन गर्दा झुठा साबित भए प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

९. **मूल्याङ्कन सम्बन्धी व्यवस्था :** (१) अस्पतालमा कार्यरत कर्मचारीहरूको मूल्याङ्कन गरी करार सेवा सम्बन्धी म्याद थप वा प्रोत्साहन सुविधा सम्बन्धी निर्णय गर्न एक मूल्याङ्कन कार्यदल रहनेछ ।

(२) उपदफा १ बमोजिमको मूल्याङ्कन कार्यदल तपसिल बमोजिम रहनेछ ।

(क) संयोजकः अस्पताल व्यवस्थापन समिति सदस्य सचिव

(ख) सदस्यः स्वास्थ्य शाखा प्रमुख बेलबारी नगरपालिका

(ग) सदस्य सचिवः अस्पताल प्रशासन शाखा प्रमुख

(३) नगर अस्पतालमा कार्यरत करार सेवाका कर्मचारीले श्रावण महिना र पुष महिनामा अनुसूची ३ र अनुसूची ४ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फारम भरी मूल्याङ्कनका लागि पेस गर्नुपर्नेछ ।

(४) दफा ९ (२) को मुल्याङ्कन कार्यदलले दफा ३ अनुसारको कार्यसम्पादन मुल्याङ्कनमा कर्मचारीले प्राप्त गरेको अंक सहित निजलाई पून म्याद थप गर्न सकिने वा नसकिने कारण उल्लेख गरी अस्पताल व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

(५) कार्य सम्पादन मुल्याङ्कनमा ८० प्रतिशतभन्दा कम अंक प्राप्त गर्ने कर्मचारीहरुको कारार म्याद थप गर्न अस्पताल व्यवस्थापन समिति बाध्य हुनेछैन।

(६) अस्पतालमा कार्यरत करार सेवाका कर्मचारी बाहेकका कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ५

## प्रोत्साहन रकम भुक्तानी श्रोत व्यवस्थापन

१०. **प्रोत्साहन रकम भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) दफा ५ देखि ७ सम्मका सबै भुक्तानीहरू नगर अस्पतालले उपलब्ध गराएको सेवा बापत प्राप्त भएको रकमबाट गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा  जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य बीमा मार्फत प्राप्त हुने रकमबाट उपलब्ध गराईएको सेवा बापतको भुक्तानी नेपाल सरकार, स्वास्थ्य बीमा बोर्डले अस्पताललाई सोधभर्ना रकम उपलब्ध गराएपछि मात्र हुनेछ ।

(३) नगर अस्पताललाई बेलबारी नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रमबाट प्राप्त हुने स्वीकृत अनुदान रकमबाट दफा ५ देखि ७ सम्मका कुनै पनि भुक्तानी गर्न सकिने छैन ।

## परिच्छेद ६

## विविध

११. **बिदाः** स्वास्थ्य सेवा प्रवाह संवेदनशील विषय भएको हुँदा बिदा अधिकार भन्दा सुविधा भन्ने सम्झनुपर्नेछ । करार कर्मचारीको हकका मासिक दुई दिन र महिलाहरूको हकमा सुत्केरी बिदा ९८ दिन तलव सहित दिन सकिनेछ।

१२. **सम्मान जनक विदाइः** करार सेवामा कार्यरत कर्मचारी अविभिन्न रूपमा काम गरेको अवधि ५ वर्ष पुरा भई स्वेच्छाले सेवा गर्न नचाहेमा वा नसक्ने भएमा वा अस्पताललाई आवश्यक नभएमा बेलबारी नगरपालिकाले तोके अनुसार सम्मानजनक विदाइ गर्न सकिनेछ तर सामाजिक सुरक्षा कोषमा आबद्ध भएका कर्मचारीको हकमा कोषको नियमानुसार हुनेछ ।

१३. **लेखा तथा लेखापरीक्षण:** यस कार्यविधि बमोजिम उपलब्ध गराईएको प्रोत्साहन रकमको अस्पतालले प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नुपर्नेछ।

१४. **बाधा अड्काउ फुकाउन सकिने**ः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा परेमा बेलबारी नगरपालिका नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **संशोधन, खारेजी र बचाउः** यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ।

★

अनुसूची १

**दफा २ (झ) सँग सम्बन्धित**

**प्रोत्साहन सुविधा अन्तर्गत समावेश हुने सुविधाहरू**

१. **मौद्रिक सुविधाहरू**
   - क. नगद प्रोत्साहन सुविधा
   - ख. इन्धन सुविधा
   - ग. पर्यटन काज सुविधा
   - घ. खाजा खाना सुविधा
   - ङ. बीमा सुविधा
   - च. कल्याण कोष सम्बन्धी
   - छ. सामाजिक सुरक्षा कोष
   - ज. अन्य तोकिए बमोजिमका सुविधाहरू

२. **गैर मौद्रिक सुविधा**
   - क. सट्टा बिदा
   - ख. आवास सुविधा
   - ग. क्षमता विकास तालिम
   - घ. सम्मान प्रशंसा
   - ङ. अन्य तोकिए बमोजिमका सुविधाहरू

अनुसूची २

**(दफा ४ (२) सँग सम्बन्धित)**

**प्रोत्साहन भत्ता उपलब्ध गराउने आधार सूचकको विवरण**

कर्मचारी विवरणः

नाम थर

पदः

तहः

नियुक्तिको किसिमः

कर्मचारीको हस्ताक्षरः

| क्र.स. | सूचक | अङ्क भार | पूरा अङ्क प्राप्त गर्न आवश्यक न्यूनतम सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नियमित समयमा हाजिरी | २० | प्रत्येक महिना २६ दिन | |
| २ | वार्ड वा इमर्जेन्सी राउण्ड | २० | दिनको २ पटक (महिना भर कम्तीमा ५० पटक) | |
| ३ | Clinical Audit (Case Discussion and managerial Discussion) | १ | महिनामा २० पटक | |
| ४ | On Call अथवा On Duty सेवामा खटिने | २५ | प्रत्येक हप्तामा २ पटक | |
| ५ | बिरामीको Morbidity and Mortality को समिक्षा | ५ | प्रत्येक हप्तामा १ पटक | |
| ६ | बिरामी परीक्षण पश्चात सम्बन्धित रजिष्टरमा उल्लेख गरेको | १० | बिरामीको अभिलेख रजिष्टरमा रोगको निदान र उपचार अनिवार्य उल्लेख हुनुपर्ने । | |
| ७ | रात्रीकालीन ड्युटि | १० | हप्तामा कम्तीमा दुई पटक | |

विभागीय प्रमुख इन्चार्जको

हस्ताक्षरः

नामः

पदः

बिभाग/शाखा/ईकाई

अनुसूची ३

(दफा ९ (३) सँग सम्बन्धित)

बेलबारी नगरपालिका

**बेलबारी नगर अस्पताल**

करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूका लागि कार्यसम्पादन मूल्याङ्कन फारम

चिकित्सक नर्सिङ तथा अन्य प्राविधिक कर्मचारीहरूका लागि

**(खण्ड १ र २ सम्बन्धित कर्मचारीले भर्ने र विभागीय प्रमुखलाई बुझाउने)**

**खण्ड १**

**कर्मचारी विवरण**

नाम थरः	पदः	तहः

नियुक्तिको किसिमः

**खण्ड २**

**पछिल्लो ६ महिनामा अस्पतालमा कार्य गर्दा आफूले पुर्याएको सेवाको विवरणः**

| क्र.स. | विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

**आगामी ६ महिनाको कार्य योजनाः**

| क्र.स. | विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

**खण्ड ३ र ४ विभागीय प्रमुख इन्चार्जले भर्ने र गोप्य रूपमा अस्पतालको प्रशासन शाखामा बुझाउनेः**

**खण्ड ३**

| व्यक्तिगत आचरण | स्तर | अति उत्तम | उत्तम | सन्तोषजनक | सामान्य | न्यून |
|---|---|---|---|---|---|---|
| | अङ्क | ५ | ४ | ३ | २ | १ |
| (क) विषय बस्तुको ज्ञान | | | | | | |
| (ख) निर्णय गर्न सक्ने क्षमता | | | | | | |
| (ग) समय पालना र नियमितता | | | | | | |
| (घ) सेवाग्राहीसँगको व्यवहार तथा सञ्चार सीप | | | | | | |
| (ङ) समूहमा कार्य गर्न सक्ने क्षमता | | | | | | |
| **जम्मा प्राप्त अङ्क** | | | | | | |
| **कुल प्राप्त अङ्क** | | | | | | |

**खण्ड ४**

**नवीकरणका लागि सिफारिस**

१.गरिएको

२.नगरिएको

विभागीय प्रमुख इन्चार्जको हस्ताक्षरः

नामः

पदः

बिभाग/शाखा/ईकाई

अनुसूची ४

(दफा ९ (३) सँग सम्बन्धित)

बेलबारी नगरपालिका

**बेलबारी नगर अस्पताल**

करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूका लागि कार्यसम्पादन मूल्याङ्कन फारम

अप्राविधिक कर्मचारीहरूका लागि

**(खण्ड १ सम्बन्धित कर्मचारीले भर्ने र विभागीय प्रमुखलाई बुझाउने)**

कर्मचारी विवरणः

नाम थर    पदः    तहः

नियुक्तिको किसिमः    कर्मचारीको हस्ताक्षरः

**खण्ड २ र ३ विभागीय प्रमुख इन्चार्जले भर्ने र गोप्य रूपमा अस्पतालको प्रशासन शाखामा बुझाउनेः**

**खण्ड २**

| **व्यक्तिगत आचरण** | **स्तर** | **अति उत्तम** | **उत्तम** | **सन्तोषजनक** | **सामान्य** | **न्यून** |
|---|---|---|---|---|---|---|
| | **अङ्क** | **५** | **४** | **३** | **२** | **१** |
| १.विषय बस्तुको ज्ञान | | | | | | |
| २. निर्णय गर्न सक्ने क्षमता | | | | | | |
| ३.समय पालना र नियमितता | | | | | | |
| ४. सेवाग्राहीसँगको व्यवहार तथा सञ्चार सीप | | | | | | |
| ५. समूहमा कार्य गर्न सक्ने क्षमता | | | | | | |
| **जम्मा प्राप्त अङ्क** | | | | | | |
| **कुल प्राप्त अङ्क** | | | | | | |

**खण्ड ३**

**नवीकरणका लागि सिफारिस**

१.गरिएको

२.नगरिएको

विभागीय प्रमुख इन्चार्जको हस्ताक्षरः

नामः

पदः

बिभाग/शाखा/ईकाई

आज्ञाले

संजय बहादुर राजलवट

प्रमुख प्रशासकीय अधिकृत